पाठ ४

# मगनी र विवाह

व्यापार संसारमा मानिसहरू साझेदारभित्र प्रवेश गर्नुभन्दा पहिले ठूलो योजना र तयारी गरिन्छ। साझेदारको काम फाइदाजनक र सन्तोषजनक हुन्छ भन्ने कुरामा निश्चित भएपछि मात्र उनीहरूले अन्तिम करार वा मञ्जुरी-पत्रमा सहिछाप गर्छन्।

विवाह परमेश्वरको महत्त्वपूर्ण वरदान हो। दुइ असिद्ध व्यक्तिहरू अति नै नजीकको सम्बन्धमा प्रवेश गर्छन्। पारस्परिक हितको सम्बन्ध स्थापना गर्नका लागि मगनी र त्यसपछिको समयमा धेरै योजना र तयारीको आवश्यकता पर्छ।

आफ्नो बीचमा मतभेद उत्पन्न हुन सक्छ भन्ने कुरा प्रेममा भएका व्यक्तिहरूले विचारै गरेका हुँदैनन्। विवाह हुनुभन्दा पहिल्यै यस्ता कुराहरू पत्ता लगाई समाधान गर्ने कोशिश गरिनुपर्छ। दम्पत्तिहरूले विवाहको निम्ति आफैलाई कसरी तयार गर्छन्, तिनीहरूले एक-अर्कालाई अझै राम्रोसँग कसरी



चिन्न सक्छन् र मगनीको अवधिमा तिनीहरूले आफ्नो जीवनबाट कसरी परमेश्वरको महिमा गर्न सक्छन् भन्ने विषयमा हामी यस पाठमा अध्ययन गर्नेछौं।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

विवाहको लागि तयार
मगनीका रीति
विवाह

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- मगनीको अवधिभरि परमेश्वरलाई आदर गर्न सकिने तरीकाहरूलाई उल्लेख गर्न।
- मगनी रीतिहरूका कारणबाट आउने केही समस्याहरूको छलफल गर्न।
- विवाहको निम्ति सरकारी मागहरू र धार्मिक विधिहरूका उद्देश्यको बीचमा भिन्नता देखाउन।

## विवाहको लागि तयार

जवान दम्पत्तिले कहिले विवाह गर्नुपर्छ भन्ने कुरा परिस्थितिहरूमा भर पर्छ। अवश्य पनि दुवै जना विवाहका जिम्मेवारीहरू लिन सक्ने उमेरका हुनैपर्छ। एक-अर्कासँग मिलेर बस्न सक्ने इच्छामा उनीहरू परिपक्व भएका हुनुपर्छ र एउटाको निम्ति मात्र नभएर दुवैको निम्ति के उत्तम छ, त्यस विषयमा तिनीहरूले विचार गर्नैपर्छ।

विवाह अपरिपक्व व्यक्तिहरूका लागि होइन। जवान मानिसले काम गर्नलाई जानेको हुनुपर्छ र उसले आफ्नी पत्नी र परिवारलाई पालनपोषण गर्नैपर्छ। जवान स्त्रीले पनि खाना बनाउन र घरको हेरचाहा गर्न सिकेकै हुनुपर्छ। दुवैले विवाहप्रतिको आफ्नो जिम्मेवारीलाई बुझ्नुपर्छ र खुशीसाथ ती स्वीकार गर्नका लागि इच्छुक हुनुपर्छ।

विवाह गर्नुभन्दा पहिल्यै दम्पत्तिले आफू बस्नका लागि आफ्नै ठाउँको बन्दोबस्त गर्नु बुद्धिमानी हुन्छ। यो भाड़ामा लिएको सानो घर वा साधारण ठाउँ हुन सक्छ, यो तिनीहरूका आमा-बाबुको घर होइन तर तिनीहरूको *आफ्नै* घर होस्। भर्खरै विवाहित दम्पत्ति आफ्ना आमा-बाबुको घरमा बस्नु त्यति राम्रो हुँदैन।

आफूले गर्ने सबै काममा परमेश्वरको योजनालाई पछ्याउने दम्पत्तिहरूका लागि मगनी र विवाह तयारीको समय अति नै आनन्दित हुन सक्छ। एक-अर्काको परिवारसँग अझै परिचित हुने यो असल समय हुन सक्छ। एक-अर्काको पृष्ठभूमिलाई बुझ्नाले एकैसाथको नयाँ जीवनमा दम्पत्तिलाई सहयोग पुग्न सक्छ। नयाँ घरलाई ख्रीष्टियान सिद्धान्तहरूमा शुरू गर्नाले सफल विवाह र आनन्दित घरको निश्चयता प्राप्त गर्न सकिन्छ।

### तपाईंको अभ्यासको निम्ति

१ कुनै पनि दम्पत्ति विवाहको लागि तयार छन् वा छैनन् भनी तिनीहरूलाई अगुवाइ गर्नका लागि तपाईंको अभ्यास-पुस्तिकामा सिद्धान्तहरूको सूची बनाउनुहोस्।

## मगनी रीति

### परमेश्वरका स्तरहरूद्वारा जाँच

विवाह गर्नुभन्दा पहिले मगनी गरिन्छ। यस सम्बन्धी रीति (चलन)-हरू विभिन्न देशमा बेग्लाबेग्लै हुन्छन्। विवाह गर्ने दम्पत्तिले विवाह गर्नका लागि आफू राजीखुशी भएको घोषणा मगनीको उत्सवमा गर्छन्। तिनीहरूले औँठी साट्ने काम गर्छन् वा आफू एक-अर्कासँग प्रतिज्ञामा बाँधिएको देखाउनका लागि कुनै विधि पनि गर्छन्। परमेश्वरको स्तरलाई कायम राख्ने र ग्रहणयोग्य मगनी रीतिलाई स्वीकार गर्न सकिन्छ। तर परमेश्वरलाई प्रसन्न नतुल्याउने चालचलनलाई ख्रीष्टियानहरूले पछ्याउनै हुँदैन।

जीवनमा ख्रीष्टियानको मुख्य उद्देश्य परमेश्वरलाई आदर गर्नु र सबै थोकहरूमा उहाँलाई प्रसन्न तुल्याउनु हो। "चाहे तिमीहरू खाओ, अथवा पिओ, वा तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर" (१ कोरिन्थी १०:३१)। ख्रीष्टियानहरू आफ्ना विवाहमा परमेश्वरको आशिष् चाहन्छन्, र आफ्नो मगनीको उत्सवको तरीकाद्वारा तिनीहरूले उहाँको आदर गरेका हुन्छन्। संसारका मानिसहरूले गरेझैं मगनी

उत्सवमा लागू पदार्थको सेवन गरेर परमेश्वरको अनादर गरिनुहुँदैन।

### तपाईंको अभ्यासको निम्ति

२ कस्ता किसिमका मगनी रीति (चलन)-लाई ख्रीष्टियानहरूले स्वतन्त्र रूपमा पछ्याउन सक्छन्?

................................................................

३ आफ्नो जीवनको प्रत्येक क्षेत्रमा ख्रीष्टियानको मुख्य उद्देश्य के हुनैपर्छ? ................................................

४ मगनी उत्सवले परमेश्वरलाई अनादर गर्ने कुनै एक तरीका उल्लेख गर्नुहोस्। ................................................

**आर्थिक समस्याहरू**

संसारका धेरै देशहरूमा जवान मानिसले आफूले विवाह गर्न चाहेकी केटीकी आमा-बाबुलाई दुलही-मोल वा दाइजो दिनुपर्छ। अरू ठाउँहरूमा केटीका आमा-बाबुले जवान मानिस वा उसका आमा-बाबुलाई दाइजो दिनुपर्छ। यो धेरै रुपियाँपैसा वा महङ्गा उपहारहरू हुन सक्छ। संसारका अन्य देशहरूमा चलेको चलनचाहिँ आफ्नो मगनीको उपहारको चिन्ह स्वरूप केटाले केटीलाई औँठी वा अन्य वस्त्रहरू दिने गर्छन्।

यस्ता चलनहरूका कारण आर्थिक बोझहरू धेरै भयो भने जवान मानिसहरूलाई विवाह गर्न कठिन पर्छ। थप समस्याहरू प्रकट हुन्छन्। आफ्नी दुलही हुने केटीको निम्ति उत्तम कुरा दिने इच्छाको कारण मगनी औँठी किन्दा जवान केटालाई ठूलो ऋण पर्न सक्छ। बाबु-आमाले नै आफ्ना छोराछोरीहरूको

विवाहको खर्च गरिदिने देशहरूमा, आफूले सक्ने र आवश्यक पर्नेभन्दा बढ़ी खर्च गरेका हुन सक्छन्।

माग गरिएको दाइजो दिन नसक्ने जवान व्यक्तिले विवाहको नियमलाई अवहेलना गरी कोही केटीसँग एकैसाथ बस्न रुचाउँछ होला। अरूहरूले आफ्नो घर (परिवार) निर्माण गर्ने कोशिश नगरी अनैतिक र व्यभिचारी जीवन जिएर परमेश्वरको वचनको विरोध गरेका हुन्छन् होला।

कुनै-कुनै यी अवस्थाहरूका उत्तरहरू सजिला नभए तापनि, पूरा गर्न असम्भव हुने खालका मागहरू परमेश्वरले कहिल्यै गर्नुहुन्न। विवाह गर्नका लागि सोचविचार गरिराखेका जवान व्यक्तिहरूलाई ख्रीष्टियान आमा-बाबु र पास्टरहरूले आवश्यक सरसल्लाह र अगुवाइ दिनैपर्छ। ख्रीष्टियान आमा-बाबुले यो कुराको महसूस गर्नैपर्छ कि सबैभन्दा महत्त्वपूर्ण कुराचाहिँ दाइजो होइन, तर तिनीहरूका छोरा वा छोरीले विवाह गर्न लागेको व्यक्तिको ख्रीष्टियान चरित्र हो। तिनीहरूले ठूलो दाइजो र महङ्गो विवाहमा जोड़ दिनुहुँदैन।

अख्रीष्टियान परिवारबाट विश्वासमा आएका जवान केटाकेटीले आफ्ना आमा-बाबुबाट विवाहको सम्बन्धमा ईश्वरीय सरसल्लाह प्राप्त गर्न सक्दैनन्। यद्यपि, तिनीहरूले परमेश्वरलाई आदर दिने इच्छा गरे भने उहाँको अगुवाइमा चाहिँ तिनीहरू निश्चित हुन सक्छन्। परमेश्वरको तरीका र समयमा विवाह गर्ने तिनीहरूका निम्ति उहाँको इच्छा हो भने ख्रीष्टियान घर स्थापना गर्नको लागि उहाँले तिनीहरूलाई सम्भव तुल्याइदिनुहुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**५** आफ्नो देशका विशेष चलनहरूका मागलाई दम्पत्तिहरूले

पूरा गर्न नसक्दा प्रकट हुने सम्भाविय तीन समस्याहरूको नाम उल्लेख गर्नुहोस्। ..........................................

..........................................................................

६ वाक्य पूरा गर्नका लागि तलको खाली ठाउँमा भर्नुहोस्। ख्रीष्टियान आमा-बाबुले यो कुराको विचार गर्नैपर्छ कि सबैभन्दा महत्त्वपूर्ण कुराचाहिँ दाइजो वा महङ्गो विवाह होइन, तर ..........................................................

.................................................................... हो।

**मगनीको अवधिको चालचलन**

मगनी भएपछि र विवाह अघिको समयमा दम्पत्ति एक-अर्कासँग अझ धेरै परिचित हुन सक्छन्। तिनीहरू विवाहका जिम्मेवारीहरूका बारेमा छलफल गर्न शुरू गर्छन् र एकैसाथ जिउनका लागि योजनाहरू बनाउँछन्। आफ्नो घर स्थापना गर्नका लागि आवश्यकीय खाँचोहरूका बारेमा तिनीहरू कुराकानी गर्छन्।

एक-अर्कोलाई अझै राम्रोसँग चिन्न सकिने अर्को तरीकाचाहिँ मित्रहरू, एकलेसिया र पारिवारिक समूहहरूसँग एकैसाथ खुशीयाली मनाउनु हो। विभिन्न परिस्थितिहरूमा जब एउटाले अर्कोलाई देख्न सक्छ, त्यो व्यक्ति कस्तो हो भन्ने विषयमा अझै स्पष्ट थाहा हुन्छ। कुनै व्यक्तिलाई एकलेसियामा देख्नु एउटा कुरा हो, तर उसलाई सामाजिक क्रियाकलाप वा काम गरिराखेको देख्नु अर्को कुरा हो।

यदि पति र पत्नीको बीचमा प्रेम र आदरको आशा गरिन्छ भने, मगनी भइसकेका दम्पत्तिले विवाहको बारेमा विचार गर्नु कम महत्त्वपूर्ण छैन। एक-अर्कालाई प्रेम र आदर गर्ने जवान केटा र केटीले एक-अर्काको आनन्द र भलाइको

सरोकार राखेका हुन्छन्। आफू पति र पत्नी भएपछि विवाहको पवित्रतामा र घनिष्ठतालाई बचाउन प्रत्येकले आफ्नो कार्य गरेको हुन्छ। मगनी अवधि र त्यसभन्दा पहिल्यै वैवाहिक सम्बन्धमा प्रवेश गरी दुवैको मनमा दोष थुप्रिएको छ भने यस्तो विवाह खतराको बाटोमा अगाड़ि बढ़िराखेको हुन्छ।

मगनी भएको समयको अवधिमा भाग लिइएका क्रियाकलापहरूले परमेश्वरलाई आलोचना र निन्दा ल्याउनुहुँदैन। परमेश्वरलाई आदर दिने दम्पत्ति नै जवान व्यक्तिहरूका लागि ठीक उदाहरण हुन्छन्। परमेश्वर र एक-अर्कालाई प्रेम गर्ने दुइ व्यक्तिहरूले प्रत्येक अवस्थामा अनुशासन र धैर्यको अभ्यास गर्न सक्छन् र आफूले यसो गरेकोमा पछि खुशी हुन्छन्। राहेलको निम्ति याकूबले सात वर्ष काम गरेको घटनालाई विचार गर्नुहोस्। "यसकारण याकूबले राहेलको निम्ति सात वर्ष चाकरी गरे। तिनले राहेललाई यति प्रेम गर्थे कि त्यो समय तिनलाई थोरै दिनजस्तो लाग्यो," (उत्पत्ति २९ : २०)।

**तपाईंको अभ्यासको निम्ति**

**७** मगनीको अवधिका दुइ फाइदाहरूलाई तपाईंको अभ्यास-पुस्तिकामा उल्लेख गर्नुहोस्।

**८** राहेलप्रतिको आफ्नो प्रेमलाई याकूबले कसरी प्रमाणित गरे? ................................................................

## विवाह

### कानूनी मागहरू

आफ्ना विवाहलाई कानूनी मान्यता दिनको निम्ति

ख्रीष्टियानहरूले विशेष कागज-पत्रहरू प्राप्त गर्न आवश्यक छ। यी जन्म प्रमाणपत्र, स्वास्थ्य प्रमाणपत्र र विवाह अनुमति प्रमाणपत्र हुन सक्छन्।

आफ्ना विवाहलाई कानूनी मान्यता प्राप्त गर्नका लागि कानूनी मागहरू पूरा गर्नु दम्पत्तिको निम्ति परमेश्वर र मानिसको अगाड़ि उचित र असल गवाही हो। "प्रभुको खातिर मानिसको हरेक शासनको अधीनमा बस" (१ पत्रस २:१३)। यसरी मानिसले आफ्नी पत्नी र छोराछोरीका लागि आफ्नो नाउँको इज्जत र देशको कानूनको सुरक्षा प्रदान गर्न सक्छ।

**तपाईंको अभ्यासको निम्ति**

६ कुनै पनि दम्पत्तिले कानूनी तवरले विवाह गर्नका लागि कस्ता किसिमका कागजपत्रको आवश्यकता पर्छ?

..........................................................................

..........................................................................

**एकलेसिया (चर्च) विवाह**

एकलेसियामा विवाह हुनुभन्दा पहिले सबै कानूनी मागहरू पूरा गरिनुपर्छ। कुनै-कुनै देशहरूमा धार्मिक विधि पूरा गर्नुभन्दा पहिले कानूनी विधिलाई पूरा गर्नुपर्छ।

ख्रीष्टियान विवाहमा दुलहा र दुलहीले परमेश्वर र मानिसहरूका अगाड़ि एक-अर्कासँग बाचा बाँध्ने काम गर्छन्। मृत्युले तिनीहरूलाई अलग नगरुञ्जेलसम्म एक-अर्कालाई प्रेम, आदर र वास्ता गरी एक-अर्कासँग विश्वासयोग्य हुने प्रतिज्ञा तिनीहरू गर्छन्। प्रभुका सेवकले तिनीहरूका जिम्मेवारीहरूका बारेमा तिनीहरूलाई बताउँछन्, तिनीहरूका बाचाहरूलाई सुन्छन्,

तिनीहरूलाई पति र पत्नीका रूपमा घोषणा गर्छन् र तिनीहरूको परिवारमाथि परमेश्वरको आशिष्को निम्ति प्रार्थना गरिदिन्छन्।

विवाह परमेश्वरले शुरू गर्नुभएको कार्य हो भनी स्वीकार गर्ने एक तरीका एकलेसियामा विवाह गरिनु हो। दम्पत्तिहरूले वैवाहिक जीवन शुरू गर्दा र आफ्नो घर स्थापना गर्दा परमेश्वरको सहायता र अगुवाइ खोजिराखेका छन् भन्ने कुरा पनि यसले देखाउँछ।

आवश्यकविना नै ऋणमा पर्ने भूलको बारेमा हामीले छलफल गरिसकेका छौं। यसो गर्नका लागि रोक्न विवाह साधारण, सजावट र सत्कार सामान्य हुनुपर्छ र विवाहमा सीमित व्यक्तिहरूलाई मात्र निमन्त्रणा दिइनुपर्छ।

अवश्य, दुलहा र दुलही अति नै सुन्दर देखिन चाहन्छन् नै। तर साधारण र सुन्दर विवाह गर्न सम्भव छ।



**तपाईंको अभ्यासको निम्ति**

**१०** कानूनी मागहरूलाई कहिले पूरा गर्नुपर्छ?

क मगनी हुनुभन्दा पहिले।
ख विवाहको पहिलो वर्ष भित्रै।
ग विवाह हुनुभन्दा पहिले।

११ विवाह परमेश्वरले शुरू गर्नुभएको कार्य हो भनी स्वीकार गर्ने एउटा तरीका कुन हो?

.................................................................................

१२ कानूनी मागअनुसार विवाह गर्ने दम्पत्तिले परमेश्वरको आदर गरेका हुन्छन् भन्ने कुरा हामीलाई थाहा छ, किनभने हामी अधीनमा हुनुपर्छ भनी परमेश्वरको वचनले हामीलाई सिकाउँछ। हामी कसको अधीनमा हुनुपर्छ त?

**क** प्रत्येक मानव अधिकारीको।

**ख** देशको प्रत्येक रीति (चलन) को।

**ग** एक-अर्काको।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

७ कुनै दुइवटा दम्पत्तिले एक-अर्कालाई अझै राम्रोसँग चिन्न सक्छन्। अन्य जवान-जवानीहरूका निम्ति तिनीहरूले असल उदाहरण देखाउन सक्छन्। एकैसाथ जीवन बिताउन र आफ्नो घर स्थापनाका लागि तिनीहरूको योजना बनाउन सक्छन्।

१ *विवाहको लागि तयार* भनिने खण्डसँग तपाईंको उत्तर जाँच्नुहोस्।

८ तिनको मोल तिर्नका लागि उनले सात वर्ष काम गरे।

२ परमेश्वरका स्तरहरूलाई कायम राख्ने रीतिहरू।

९ जन्म प्रमाणपत्र, स्वास्थ्य प्रमाणपत्र, विवाह अनुमति प्रमाण पत्र।

३ परमेश्वरलाई आदर दिन र प्रसन्न तुल्याउन।

१० ग. विवाह हुनुभन्दा पहिले।

४ लागू पदार्थको सेवन गर्न दिएर।

११ विधिवत रूपले एकलेसियामा विवाह गर्नु।

५ कोही-कोही विवाह नै नगरी एकैसाथ बस्छन्। कोही-कोहीले अनैतिक जीवन जिउँछन्। कोही-कोही ठूलो ऋणमा पर्छन्।

१२. क. प्रत्येक मानव अधिकारीको।

६ तिनीहरूका छोरा वा छोरीले विवाह गर्न लागेको व्यक्तिको ख्रीष्टियान चरित्र।